“स्वच्छ, समृद्ध र समतामूलक उर्लाबारी”

# उर्लाबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# उर्लाबारी, मोरङ्ग

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण

# (GESI Audit) प्रतिवेदन

आर्थिक वर्षः २०८१।८२

# १.परिचय खण्ड

## १.१.पृष्ठभूमि (Backround):

उर्लावारी नगरपालिकाले संचालन गर्ने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मैत्री बनाउँदै राज्यका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा  गरेका प्रतिवद्धताको कार्यान्वयन पक्षलाई सवल बनाउनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ मा भएका प्रावधानका  सूचकलाई आधार मानी यस नगरपालिकालाई सान्दर्भिक हुने सूचक प्रयोजनका लागी उर्लावारी नगरपालिकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी उर्लावारी नगरपालिकाले **"लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण  कार्यविधि २०८२"** तर्जुमा गरि कार्यान्वयनमा ल्याएको छ ।

## १.२.अध्ययनको महत्वः

सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितीकरणका कारण सामाजिक समूहको विकास सूचकहरुमा भएको कमजोर अवस्था र सामाजिक आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहूँचको अन्तरलाई न्यून गर्नु आवश्यक देखिएकोले सोह्रौ योजना तथा दिगो विकास लक्ष्यसंग जोडिने गरी राष्ट्रीय सम्भावनाका आधारमा नेपालको दिगो विकास लक्ष्य र परिमाणात्मक लक्ष्यहरु निर्धारण गरेको परिपेक्षमा लक्ष्य संग मेल खानेगरी तीनै तह विच  समन्वयका आधारमा विषयगत लक्ष्य ,परिमाणात्मक लक्ष्य र उद्देश्य निर्धारण गरिनु आवश्यक छ।

नगरपालिकाले नियमित रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्नु पर्दछर  र समसामयिक आश्यक परेका सम्बोधन गर्न पर्ने मुद्दामा वा क्षेत्रहरुलाई आगामी वर्षको नीति तथा कार्यक्रममा समेटेर लैजानु सान्दर्भिक हुनेछ ।यिनै सवाललाई समेटरने गरि

मिति २०८२।०७।२९-३० मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरिएको छ ।

## १.३.  लैससास परीक्षणको उद्देश्यहरुः

**विशिष्ट उद्देश्यः** लैससास अवधारणा अनुसार स्थानीय तहले गर्ने सम्पूर्ण क्रियाकलापहरु र विकास योजना तथा कार्यक्रमलाई समावेशी, उत्तरदायी र दिगो, आर्थिक श्रोतको सुनिश्चितता, उपलब्धिको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ ।

(क)लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय तहको  संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, लक्षित वर्ग रसमुहहरु लाई समाबेशी गरी लैंङ्गिक समानता र सबै वर्गको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने।

(ख) स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चितका लागि महिला, लक्षित वर्ग र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने।

(ग) स्थानीय तहको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन, मूल्यॉंकन गरि संस्थागत गर्दै लैजाने।

(घ) लैससास परीक्षणको नतिजालाई आधार मान्दै पहिचान गरिएका समस्या तथा चुनौतिहरुको समयमै समाधानका प्रयास गर्नुका साथै भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने।

## १.४. लैससास परीक्षणले समेटने क्षेत्रहरु :

लैससासको वर्तमान अवस्थाको पहिचान गर्दै विद्यमान समस्या तथा चुनौतिहरुलाई सम्बोधन गर्न सहज हुने । लैससास परीक्षणका लागि स्थानीय तहको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास, लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना र मानव संसाधन, सम्बन्ध विस्तार र नेपाल सरकारका प्रतिवध्दताहरू लगायतका विषयवस्तु समेटिएका छन्।

उर्लावारी नगरपालिकाको "लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०८२"मा लैससास परीक्षणका प्रमुख पाँचवटा विषय क्षेत्रहरु र २० वटा उपविषय क्षेत्र छन र सो अन्तर्गत ७० वटा प्रश्न रहेका छन्। उक्त पाँचवटा मूल विषय र २० वटा उपविषय क्षेत्र यसप्रकार रहेका छन्ः

| क.सं. | मूल तथा उपसूचक | पूर्णाङ्क | प्राप्ताङ्क | क.सं. | मूल तथा उपसूचक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| १ | **नीति, कानून, योजना १५** | | १४.५ | ४ | **सेवा प्रवाह १४** | | |
| १.१ | नीति र कानूनमा समावेशिता/सहभागिता | ५ | ५ | ४.१ | पूर्वाधार विकास | २ | ०.५ |
| १.२ | योजना तर्जुमा तथा कार्यान्वयन | ६ | ५.५ | ४.२ | प्रजनन् स्वास्थ्य | २ | २ |
| १.३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | ४ | ४.३ | शिक्षा कार्यक्रम | ३ | २.५ |
| २ | **संस्थागत व्यवस्था १५** | | १२ | ४.४ | खानेपानी तथा सरसफाइ | ३ | २.५ |
| २.१. | कार्यप्रणाली समावेशी | ५ | ४ | ४.५ | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | ३ |
| २.२ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ३ | १.५ | ५ | **सुशासन तथा उत्तरदायित्व १४** | | |
| २.३. | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ५ | ४ | | सुशासन | ३ | ३ |
| २.४ | तथ्याङ्क सङकलन तथा | ३ | २.५ | | उत्तरदायित्व र | २ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| . | व्यवस्थापन | | | | जवाफदेहिता | | |
| ३ | **मानव संसाधन तथा क्षमता विकास** | **१२** | | | सूचना तथा संचार | ३ | २.५ |
| ३.१ | मानव संसाधन तथा क्षमता विकास | ४ | ४ | | अनुगमन तथा मूल्याङ्कन | ४ | ३ |
| ३.२ | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरूद्ध जनचेतना | ५ | ४ | | समन्वय र सम्बन्ध बिस्तार | २ | २ |
| ३.३ | विपद व्यवस्थापनमा समावेशिता | ३ | २.५ | | | | |

## १.५. लैससास परीक्षणको विधिःप्रक्रियाः

यस नगरपालिकाले जारी गरेको लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षण कार्यविधि २०८२ ले निर्धारण गरेका ५ वटा सूचक तथा २० वटा उपसूचकहरुमा आधारित रहि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण निम्न चरणमा गरिएको छ ।

### १.५.१. तयारी चरण

स्थानिय तहका कर्मचारीलाई लैससासको महत्व र परिक्षणको प्रक्रियाबारे कार्यशालागोष्ठी द्धारा कर्मचारी विच छलफल आयोजना गरिएको थियो ।

### १.५.२ कार्यान्वयन चरण:

लैससास संग सम्बन्धित अभिलेख तथा प्रमाणित कागजातहरु संकलन गरि निति , कार्यक्रम, योजना कार्यान्वयन सम्बन्धित अन्य दस्तावेजहरुको पुनरावलोकन गरि सूचकगत अवस्थालाई प्रतिवेदनमा पेश गरिएको र उक्त प्रतिवेदन पुनरावलोकनका क्रममा आएका सुझावलाई समेत अध्ययन र अंकनको आधारमा मूल्यांकन गरिएको छ।

### १.५.३. प्रतिवेदन चरणः

नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०८२ अनुसार सबै ५ वटा मूल विषय अन्तर्गतका २० वटा उपसूचक र ७० वटै प्रश्नहरुमा सहभागीहरुको अभ्यासबाट प्रमाणीकरणका आधारमा प्रदान गरिएको अंकलाई निर्धारण गरि प्राप्त नतिजालई माकुरो जालो र स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ । लैससास परिक्षणको अन्तिम प्रतिवेदन नगरपालिकाको कार्यालयमा पेश गरिएको छ।

परीक्षणका लागि मुख्य सूचकको रुपमा नीति, कानून, योजना; संस्थागत व्यवस्था; मानव संसाधन तथा क्षमता विकास; सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व गरी पाँचवटा शीर्षकहरु भित्र विभिन्न २० वटा उपशीर्षकहरू राखिएका छन्। ती उपशीर्षकलाई प्रष्ट वनाउनका लागि प्रत्येक उपशीर्षकमा सम्बन्धित विषय क्षेत्रका ७० प्रश्नहरू राखिएका छन्।, प्रत्येक सूचकको अंकभार १ कायम गरि कुल अंकभार ७० रहेको छ। यिनै शीर्षक र उपशीर्षक अन्तर्गतका सूचकहरुका आधारमा स्थानीय तहका पदाधिकारीहरू र कर्मचारीहरूसँग छलफल समेत गरी सामुहिक लेखाजोखाका आधारमा उक्त **सूचकमा राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नु पर्ने देखिएमा ०** अंक प्रदान गरिएको छ।

### १.५.४. प्रतिवेदनको कार्यान्वयन र जिम्मेवारी:

लैससास परीक्षण प्रतिवेदन तयार भएपछि यसलाई कार्यापालिकाको बैठकमा छलफल तथा प्रस्तुत गर्नु पर्नेछ ।प्रतिवेदनमा शाखागत रुपमा लैससास परीक्षणको विषय लैससास हेर्ने सम्बन्धित शाखाको कार्य जिम्मेवारीमा समावेश गर्नु पर्ने हुन्छ ।

### १.५.५. लैससास परीक्षणमा सहभागिता :

| विवरण | संख्या | अपाङ्गता | |
|---|---|---|---|
| महिला | ९ | | जम्मा |
| पुरुष | १७ | लैङ्गिकता | |
| | | महिला | १ |
| | | पुरुष | १ |
| **जम्मा** | २६ | | २ |

## २.तथ्याँङ्क प्रस्तुतिकरण खण्ड (Data apresenttation)

यस नगरपालिकामा करिव ७०,६०५ जनसंख्या मध्ये ५१.१३ प्रतिशत महिला र ४८.८७ प्रतिशत पुरुष सहित १३७६१ घरधुरी रहेको छ ।उर्लाबारी नगरपालिकाको विभिन्न अवरोध तथा समस्याहरुले गर्दा लक्षित समूहका बालबालिकाहरुले परिवार भन्दा बाहिर रहेर आफ्नो कष्टकर जीवन जिउन बाध्य भई पारिवारिक संरक्षणको अवसरबाट बञ्चित भएका छन्। त्यसैगरी बालश्रम, बाल विवाह ब्यापक छ भने दुर्गम बस्तीहरुमा शिक्षाको सहज पहुँच नहुदा बिचैमा बिद्यालय छोड्नु पर्ने अवस्था, उच्च शिक्षा हासिल गर्न नपाउनु लगायत पारिवारिक बिखण्डन, घरेलु हिंसा, लैंगिक विभेद, दुरव्यवहार, कार्यबोझ, र श्रम शोषणको शिकार हुन पुगेका छन्।

### २.१.जातीय , शैक्षिक र सामाजिक आधारमा नगरपालिकाको वनावट:

| सि नं | लिङ २०७८ अनुसार | | सि नं | शैक्षिकस्थिति | |
|---|---|---|---|---|---|
| १ | महिला | ३७५५२ | ७ | पुरुष | ९०.३% |
| २ | पुरुष (%) | ३३३५६ | ८ | महिला | ८०% |
| ३ | जम्मा | ७०,९०८ | ९ | कूल साक्षरता | ८४.८% |
| ४ | तराईआदिवासी जनजाती | ७५.८% | १० | अपाङता भएका व्यक्ती | १६०१जना |
| ५ | पहाडी आदिवासी जनजाती | ८५.१% | ११ | शौचालय प्रयोगकर्ता | ९८.७७% |
| ६ | तराई ब्राम्हण/क्षेत्री | ८५.८% | | | |
| | दलित | ७८.५% | | | |
| | तराई अन्य | ७६.९% | | | |

### २.२.उर्लावरी नगरपालिकामा लैससासको वर्तमान अवश्था: (Present Situation)

"विभेद रहित समृद्ध समाज स्थापित" गर्ने प्रयास सहित महिला, दलित, आदिवासी जनजाती,मधेशी मुस्लिम, पिछडिएका समुदाय, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरु र सामाजिक आर्थिक रुपमा पछाडि परेका व्यक्ति वा समुदायलाई समग्र विकास प्रक्रियामा मूलप्रवाहिकरण गर्नका लागी नगरपालिकाले विभिन्न नीति, कार्यविधि निर्माण गरी बजेट विनियोजनका साथै समावेशी कार्यक्रम संचालन गर्दै आएको छ ।

- लैससास मूलप्रवाहिकरण नीति तथा रणनीति २०७८ समेत निर्माण भई कार्यान्वयनमा आएको छ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरण नीति २०७९ तयार गरि नीति तथा कार्यक्रमहरुमा लैससासलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको ।
- नगरपालिकाको समग्रतामा अध्ययन गर्दा लैससासको दृष्टिकोणले आवश्यकता अनुसारका नियम, कानूनहरु,कार्यविधि आचारसंहिता लगायत लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रममा बजेट निर्माणका लागी वार्षिक योजना तयार गरी प्रकाशन गरेको ।

- दिवशीय कार्यक्रम, (महिला दिवश,१६ दिने लैङ्गिक हिंसा विरुद्ध कार्यक्रम) लैङ्गिक हिंसा न्यूनिकरणका लागी अन्तरक्रियात्मक कार्यक्रमहरु संचालन ।
- लैङ्गिक हिंसा निवारण कोष व्यवस्थापन तथा संचालन कार्यविधि २०७७ लाई परिमार्जन गरि लैङ्गिक हिंसा निवारण कोष नियमावली २०८२ निर्माण ।
- ,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि योजना तथा कार्यक्रमका लागी बजेट विनियोजन।
- बालमैत्री वडा घोषणा, .बालउद्दार कोष स्थापना तथा व्यवस्थापन, बालबालिकाका लागी विभिन्न खालका क्षमता विकास तालिम, बालबिवाह विरुद्धको अभियान निरन्तर संचालनमा रहेका।
- अपाङ्गता भएका व्यक्तिका लागी सिप,अवसर प्रदानमा सहजताका लागि अपाङमैत्री भवन निर्माण ।
- अपाङ्गता भएका व्यक्तिका लागी निशुल्क स्वास्थ्य विमा ,अपाङ्गता सहायक सामाग्री वितरण अपाङ्गता छात्रावृत्तिको व्यवस्था अपाङ्गता परिचयपत्र वितरण ,ज्येष्ठ नागरिक अन्तरपुस्ता हस्तान्तरण कार्यलाई जोडददिने आदि कार्यक्रमहरु संचालन गर्दै आएको ।
- लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यको लागि एकीकृत सेवा पहूँच (IGBVRN) परियोजना मार्फत लैङ्गिकतामा आधारित हिंसा रोकथाम तथा न्यूनिकरणका लागि कार्यक्रम संचालनमा रहेको ।
- लैससास परीक्षणको माध्यमबाट नगरपालिकामा संचालित कार्यक्रमको अवश्था विश्लेषणका आधारमा कार्यक्रमलाई नतिजामुखी बनाउनका लागि नियमित रुपमा लैससास परिक्षण गर्ने कार्यलाई जोड दिईएको ।

**समग्र मूल्यांकन अवश्था तथा परिणामः**

- सर्वोत्तमः सबै सूचकहरुको कुल प्राप्ताङ्क ५६ वा सो भन्दा वढी
- उत्तमः सबै सूचकहरुको कुल प्राप्ताङ्क ४२ वा सो भन्दा वढी र ५६ भन्दा कम
- सामान्यः सबै सूचकहरुको कुल प्राप्ताङ्क २८ वा सो भन्दा वढी र ५६ भन्दा कम
- कमजोरः सबै सूचकहरुको कुल प्राप्ताङ्क ० वा सो भन्दा वढी र २८ भन्दा कम

**शिर्षक अनुसार सूचक र उपसूचकमा प्राप्ताङ्क :**

| क.सं. | सूचक | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **नीति, कानून, योजना** | १५ | १४.५ |
| २ | संस्थागत व्यवस्था | १५ | १२ |
| ३ | मानव संसाधन तथा क्षमता विकास | १२ | १०.५ |
| ४ | सेवा प्रवाह | १४ | १०.५ |
| ५ | सुशासन तथा उत्तरदायित्व | १४ | १२.५ |
|  | जम्मा |  | ६० |

# ३.विश्लेषण खण्ड (Analysis)

## ३.१.लैससास परिक्षणका विश्लेषण औजारः

लैससास परीक्षणको क्रममा विश्लेषणका लागि मुख्य रुपमा ३ वटा विश्लेषण औजार प्रयोग गरि नतिजा निकाल्ने कार्य सम्पन्न गरिएको छ ।

### ३.१.१. अवश्था विश्लेषण विधिः

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका ७० वटा प्रश्न, ५वटा सूचक तथा २० वटा उपसूचकहरुमा सहभागितात्मक छलफलबाट अङ्क प्रदान गर्ने कार्य गरिएको थियो जस अनुसार सबै सहभागीको समान सहभागीता र आ- आफ्नो विचारलाई सहमतिका आधारमा अंक प्रदान गरीएको । **नीति कानुन योजना , संस्थागत व्यवस्था,मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व** को विस्तृत रुपमा विश्लेषण गरिएको थियो ।अवश्था विश्लेषण गर्दा वलियो पक्ष (**S**trength), कमजोर पक्ष (**W**eakness), अवसर (**O**pportunity) र चुनौतीहरु (Threats) लाई समूह मार्फत तयार गरिएको थियो ।

### ३.१.२. समूह छलफल विधिः

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि ५ वटा मूल सूचक तथा २० वटा उपसूचकहरुका आधारमा सूचकहरुको विश्लेषण गरि अंक प्रदान गरिएको ।

### ३.१.३.सन्दर्भ समामग्री पुनरावलोकन

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षणका लागि अङ्क प्रदान गर्दा हरेक अङ्कमा पुस्टयाइका आधारहरु प्रस्तुत गर्नका लागि नगरपालिकामा भएका कानून, कार्यविधि, वस्तुगत विवरण, आवधिक योजना, वार्षिक. चौमासिक, मासिक प्रगति प्रतिवेदन नगरकार्यपालिका तथा नगरसभाले गरेका निर्णयहरु तथा विषयगत शाखाबाट सम्पन्न कृयाकलापलाई समेत प्रस्ताव, निर्णय आदिको पुष्टयाईलाई आधारमानि अध्ययन र पुनरावलोकन गरी प्राप्तांक लाई निश्चित गरिएको छ ।

उल्लेखित ३ वटा विधिका अतिरिक्त अन्तरवार्ता सानो समूह छलफल गरि समूहमा गरिएका छलफलहरु स्पष्ट हुने गरी स्तम्भ चित्र तथा माकुरे जालो चित्र द्धारा नगरपालिकाको समग्र अवस्था विश्लेषण गरि जानकारी गराईएको ।सबै सन्दर्भ सामाग्रीको अध्ययन र पुनरावलोकन गर्दा नगरपालिकाले बनाएका कार्य संचालन दस्तावेजमा लैङगिक समानता तथा सामाजिक समावेशीलाई सम्वेदनशील भएर कार्य गरेको भएता पनि संघीय सरकारका अनुदानमा मात्र समावेशी कार्यक्रम संचालन तथा सम्पन्न गरेता पनि आन्तरिक बजेट विनियोजनमा ध्यान दिन आवश्यक रहेको ।

## ३.२. तथ्याङ्कको तुलनात्मक विश्लेषण :

यस नगरपालिकाको "लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०८२"मा लैससास परीक्षणका प्रमुख पाँचवटा विषय क्षेत्रहरु ,२०वटा उपविषय क्षेत्र तथा सो अन्तर्गत ७० वटा प्रश्न रहेका छन्।

आ.व.अनुसार प्राप्ताङ्कको तुलनात्मक  विश्लेषण :(आ.व.०७८/७९, ०७९/८०, ०८०/८१,०८१/८२

| क्र.स. | सूचक तथा उपसूचकहरु | पूर्णाङ्क | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
|---|---|---|---|---|---|---|
| | | | प्राप्ताङ्क | प्राप्ताङ्क | प्राप्ताङ्क | प्राप्ताङ्क |
| १ | नीति कानुन योजन | २० | १४. | १५.५ | १६ | १५/१४.५ |
| २ | संस्थागत व्यवस्था | २० | १३. | १६ | १५ | १५/१२ |
| ३ | मानवसंसाधन तथा क्षमता विकास | २० | १६. | १५ | १७ | १२/१०.५ |
| ४ | सेवा प्रवाह | २० | १३ | १४. | १४.५ | १४/१०.५ |
| ५ | सुशासन तथा उत्तरदायित्व | २० | १६ | १५.५ | १६.५ | १४/१२.५ |
| | जम्माः | १०० | १००/७२ | १००/७६ | १००/७९.५ | ७०/६०/(८६%) |

<u>प्रत्येक आ.व. को प्राप्ताङ्क प्रतिशत</u>




**३.३.चार  आ.व. (०७८/७९, ०७९/८०, ०८०/८१,०८१/८२) प्राप्ताङ्कको तुलनात्मक  विश्लेषण :**
(यस नगरपालिकाको **"लैससास परिक्षण कार्यविधि २०८२"** बमोजिम पूर्णाङ्क ७० (७० वटा प्रश्न तथा २० वटा उपसूचक रहेका छन्) सूचकका आधारमा प्रत्येक मूल सूचकमा फरक-फरक पूर्णाङ्क रहेको छ भने तिन आ.व.( ०७८/७९, ०७९/८०, ०८०/८१) मा पूर्णाङ्क १०० र प्रत्येक मूल सूचकको समान अंक २० रहेको छ)

| मूल सूचक पूर्णाङ्क (१००) | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | |
|---|---|---|---|---|---|
| | प्राप्ताङ्क प्रतिशत | प्राप्ताङ्क प्रतिशत | प्राप्ताङ्क प्रतिशत | पूर्णाङ्क(७०) | प्राप्ताङ्क प्रतिशत |
| नीति, कानून, योजना | १४ (७०%) | १५.५(६५%) | १६ (६५%) | १५ | १४.५(९७%) |
| संस्थागत व्यवस्था | १३ (६५%) | १६ (६५%) | १५(६५%) | १५ | १२.५(८३.३%) |
| मानव संसाधन तथा क्षमता विकास | १६ (८०%) | १५ (६५%) | १७(६५%) | १२ | १०.५(८७.५%) |
| सेवा प्रवाह | १३ (६५%) | १४. (६५%) | १४.५(६५%) | १४ | १०.५(७५%) |
| सुशासन तथा उत्तरदायित्व | १६ (८०%) | १५.५ (६५%) | १६.५(६५%) | १४ | १२(८६%) |

तिन आ.व.मा भएका विश्लेषणका आधारमा **नीति, कानून, योजना र संस्थागत व्यवस्था**मा समान अंकको नजिक भएता पनि ०८१/८२ मा नीति,कानून, योजनालाई कार्यन्वयनमा जोड दिनुका साथै **सान्दर्भिक नभएका सूचकलाई कार्यविधि**बाट हटाउनुले उत्कृष्ट अंकन मापन गरिएको छ । **मानव संसाधन तथा क्षमता विकास**मा परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि योग्य, दक्ष र प्रतिबद्ध मानव संसाधनको व्यवस्था गरिनुका साथै पदअनुसार उपयुक्त जनशक्ति, स्पष्ट कार्यविवरण र जिम्मेवारी निर्धारण आवश्यक हुन्छ। साथै, कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि विषयगत, प्राविधिक तथा व्यवहारिक तालिम, नेतृत्व विकास र समन्वय सम्बन्धी तालिम प्रदान गरिनु पर्ने हुन्छ। कार्यसम्पादन सुधारका लागि नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गरि प्राप्त पृष्ठपोषणलाई समेत समेट्न आवश्यक अनुकूल कार्य वातावरणको व्यवस्था भएमा मानव संसाधन व्यवस्थापन सम्बन्धी नीति, आचारसंहिता तथा लैङ्गिक संवेदनशील र अधिकार–आधारित दृष्टिकोण अवलम्बन, सरोकारवाला निकायसँग समन्वय र नेटवर्किङलाई सुदृढ गर्न स्पष्ट कर्ययोजनाको आवश्यक पर्दछ ।।सबै आ.व.मा प्राप्त अंक मापन गर्दा **सेवा प्रवाहलाई** अझ चुस्त र प्रभावकारी बनाउनका लागि योजना कार्यान्वयनमा पुनरावलोकन गरि सेवा प्रवाहलाई सुदृढ गर्न पहल गर्दा उत्तम नतिजा प्राप्त हुनेमा प्रष्ट छ । **सुशासन तथा उत्तरदायित्व**को सवालमा सबै वर्षको नतिजामा पहिलो वर्ष र चौथो वर्षमा तात्विक भिन्नता नभएको र दोस्रो चौथोमा समान अवश्था रहेको सन्दर्भमा **सूचना/ संचार, अनुगमन/ मूल्याङ्कन तथा समन्वको** सवालमा केहि सुधार गर्नु उपयुक्त हुनेछ।

### ३.४.१.मूल शिर्षक अनुसारकोबार तथा माकुरो जालोः

| क्र.सं. | मूल विषय सूचकहरु | पुर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|
| १ | नीति, कानुन, योजना | १५ | १४.५ | १४.५(९७%) |
| २ | संस्थागत व्यवस्था | १५ | १२.५ | १२.५(८३.३%) |
| ३ | मानव संसाधन तथा क्षमता विकास | १२ | १०.५ | १०.५(८७.५%) |
| ४ | सेवा प्रवाह | १४ | १०.५ | १०.५(७५%) |
| ५ | सुशासन तथा उतरदायित्व | १४ | १२ | १२(८६%) |
| | जम्मा | ७० | ६० | ८६% |







### ३.४.२.उपशिर्षक अनुसारको बार तथा माकुरोजालो चार्ट

| सि.नं | उपशिर्षकहरु | पुर्णाङ्क | प्रासाङ्क | सि.नं | उपशिर्षकहरु | पुर्णाङ्क | प्रासाङ्क |
|---|---|---|---|---|---|---|---|
| १. | नीति र कानूनमा समावेशिता/सहभागिता | ५ | ५ | ११ | पूर्वाधार विकास | २ | ०.५ |
| २. | योजना तर्जुमा तथा कार्यान्वयन | ६ | ५.५ | १२ | प्रजनन् स्वास्थ्य | २ | २ |
| ३. | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | ४ | १३ | शिक्षा कार्यक्रम | ३ | २.५ |
| ४ | कार्यप्रणाली समावेशी | ५ | ४ | १४ | खानेपानी तथा सरसफाइ | ३ | २.५ |
| ५. | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ३ | १.५ | १५ | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | ३ |
| ६ | वित्तव्यवस्थापन प्रणालीमा समावेशिता | ४ | ४ | १६ | सुशासन | ३ | ३ |
| ७ | तथ्याङ्क सङकलन तथा व्यवस्थापन | ३ | २.५ | १७ | उत्तरदायित्व र जवाफदेहिता | २ | २ |
| ८ | मानव संसाधनतथा क्षमता विकास | ४ | ४ | १८ | सूचना तथा संचार | ३ | २.५ |
| ९ | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरूद्ध जनचेतना | ५ | ४ | १९ | अनुगमन तथा मूल्याङ्कन | ४ | ३ |
| १० | विपद व्यवस्थापनमा समावेशिता | ३ | २.५ | २० | समन्वय र सम्बन्ध बिस्तार | २ | २ |
| | | | | **जम्मा** | | ७० | ६० |


उपसूचकको माकुरोजालो चार्ट
Series1
Series2
नीति र कानूनमा...
योजना तर्जुमा तथा कार्यान्वयन
बजेट तर्जुमा तथा कार्यान्वयन
कार्य प्रणाली समावेशी
समिति/उपसमिति र...
वित्त व्यवस्थापन प्रणालीमा...
मानव संसाधन तथा क्षमता...
अनौपचारिक मूल्य, मान्यता...
विपद् व्यवस्थापन
पूर्वाधार विकास खानेपानी...
प्रजनन् स्वास्थ्य
शिक्षा कर्यक्रम
खानेपानी तथा सरसफाई
स्वरोजगार तथा आय आर्जन...
सुशासन
उत्तरदायित्व र जवाफदेहिता
सूचना तथा संचार
अनुगमन तथा मूल्याङ्कन
समन्वय र सम्बन्ध बिस्तार
६
५
४
३
२
१
०


उपसूचकको बारचार्ट
६
५
४
३
२
१
०
नीति र कानूनमा...
योजना तर्जुमा तथा कार्यान्वयन
बजेट तर्जुमा तथा कार्यान्वयन
कार्य प्रणाली समावेशी
समिति/उपसमिति र...
वित्त व्यवस्थापन प्रणालीमा...
मानव संसाधन तथा क्षमता...
अनौपचारिक मूल्य, मान्यता...
विपद् व्यवस्थापन
पूर्वाधार विकास खानेपानी...
प्रजनन् स्वास्थ्य
शिक्षा कर्यक्रम
खानेपानी तथा सरसफाई
स्वरोजगार तथा आय आर्जन...
सुशासन
उत्तरदायित्व र जवाफदेहिता
सूचना तथा संचार
अनुगमन तथा मूल्याङ्कन
समन्वय र सम्बन्ध बिस्तार
Series1
Series2

# ४. उपलब्धि (Findings)

२०८१।०८२ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले वर्तमान अवस्थालाई प्रष्टयाउने कार्य गरेको छ ।यो परीक्षणले लैससास सम्वेदनशिल (महिला तथा लक्षित वर्गमा विशेष) कार्यक्रम तर्जुमा तथा सञ्चालन,विशेष गरि अपाङ्गताका क्षेत्र र विपन्न महिला,पहुँच बाहिरका आदिवासी महिला सम्मका लागि उद्यमशिलता विकासका माध्यमबाट समेट्न खोजेको छ ।केहि सुधार तथा प्रभावकारी कार्यान्वयनका लागी आगामी वर्षको कार्ययोजना तयारका लागि मार्गदर्शन प्रदान गरेको छ ।मुख्य उपलव्धिलाई मूल सुचकका आधारमा तल प्रस्तुत गरिएको छ ।

## ४.१.प्रासाङ्क अनुसारको उपलब्धि

| विषयगत क्षेत्र | प्रमुख उपलब्धी |
|---|---|
| नीति कानून योजना | ▪ कानून निर्माण प्रक्रियामा लैससासको दृष्टिकोणबाट उपयुक्त भएको सूचकको प्रासाङ्कबाट जानकारी भएको छ ।<br>▪ लैङ्गिक समानता र सामाजिक समावेशीकरण **(GESI)** कार्यसंचालन मार्गदर्शन २०७४ उर्लावारी नगरपालिकाद्धारा निर्माण गरिएका लैङ्गिक समानता लैङ्गिक हिसां सम्बन्धि ऐन, कानुन ,नियम, संस्थागत नीति योजना ,नीति निर्माण तथा बजेट तर्जुमाका सबै तहमा समावेशीता रहेको ।<br>▪ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका ५ मुख्यक्षेत्र मध्य **नीति कानून योजना** १५ मा समग्र पक्षलाई विश्लेषण गर्दा १४.५ (९६.६६%) अंक प्राप्त गरि **अति उत्तम** अवश्था रहेको छ। |
| संस्थागत व्यवस्था | ▪ संस्थागत ब्यवस्थाको समग्र पक्षलाई विश्लेषण र सहभागीहरुको सूचकको अंक मापनको आधारमा १५अंकमा १२ (८०%) अंक प्राप्त गरी **उत्तम नतिजा** अवश्था छ।<br>▪ कर्मचारी पदाधिकारी प्रतिनिधित्व, कार्यप्रणाली समावेशी तथा तथ्याङ्क सङकलन र व्यवस्थापनका विषयमा जोड दिनु पर्ने छ ।<br>▪ २०८०/८१ को नीति कार्यक्रममा उल्लेख गरिएका समावेशी कार्यक्रमको कार्यान्वयनको पक्षलाई अझ समावेशी बनाउन जोड दिन सकेमा लक्षित कार्यक्रमको प्रभाकारिता बढ्ने छ । |
| मानव संसाधन तथा क्षमता विकास | • अंक मापनको आधारमा १०.५ (८७.५%) अंक मापन गरि **अति उत्तम** रहेको छ ।<br>• लैससास हेर्ने व्यक्ति/फाँट तोकिएको ।<br>• कार्यालयमा हुन सक्ने कुनै प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणका लागि कानूनी व्यवस्था रहनुका साथै **आचारसंहिता निर्माण तथा सबैले देख्न सक्ने पढ्न सक्ने स्थानमा** टाँस गरिएको र गुनासो सुनुवाईका लागि गुनासो सुन्ने अधिकारीको समेत व्यवस्था भएको । |
| सेवा प्रवाह | ▪ सार्वजनिक सेवा प्रवाहको गुणस्तर ,सुशासन, मातहत निकायहरुबाट हुने सेवाप्रवाह, विकास निर्माणका कार्यहरु अझ बढी पारदर्शी ,विश्वसनीय, अनुमानयोग्य तथा सेवाग्राहीमैत्री हुनुका साथै स्थानीय सरकार र नागरिक विचको सम्बन्ध सुमधुरका लागी सेवा प्रवाह हुने गरेको ।<br>▪ सेवा प्रवाहका १४ वटा प्रश्नको अंक मापन गर्दा कूल १०.५ (७५%)अंक प्राप्त गरेको अवस्था छ ।<br>▪ शिक्षा,बालबालिका र प्रजनन् स्वास्थ्य सम्बन्धि उत्कृष्ट कार्य भएको । |

| | |
|---|---|
| सेवा प्रवाह | ▪ पुराना सार्वजानिक भवनहरु तथा कार्यालयहरुमा संभव भए सम्म स्थायी प्रकृतिको र तत्काल पहुँचयोग्य अपाङ्गमैत्री संरचनाको निर्माण भएको ।<br>▪ पूर्वाधार, खानेपानी तथा सरसफाइ, स्वरोजगार तथा आय आर्जनका लागी समावेशी निति कार्यक्रम तथा बजेट विनियोजन गरिएको । |
| सुशासन तथा उत्तरदायित्व | ▪ सुशासन तथा उत्तरदायित्व,जवाफदेहिता,सूचना तथा संचार,अनुगमन मूल्याङ्कन,समन्वय र सम्बन्ध विस्तारलाई स्थानीय तहले नागरिक जीवनमा सुधार ल्याउनका लागी समुदायको पहिचान र विभिन्न क्षेत्रको विकासको अवसरलाई व्यवस्थापन गर्न तीन तहका सरकार विचको अन्तर आवद्धता जस्ता अवसरलाई पूर्णता दिन आवश्यकता रहेको छ ।<br>▪ १४ वटा प्रश्नको अंक मापनको आधारमा १२ (८६%) अंक प्राप्त भएको छ ।<br>▪ नियमित रुपमा सार्वजानिक सुनुवाई, हरेक योजनाको सार्वजानिक परीक्षण र वार्षिक रुपमा सामाजिक परीक्षण हुने गरेकोमा यसलाई लैससासको दृष्टिकोणवाट समेत छुट्टै एजेन्डा राखेर छलफल तथा विश्लेषण गर्न पहल गर्न आवश्यक रहेको । |

| क्र.स. | सूचक र उप- सूचकहरु | पूर्णाङ्क | कुल प्राप्ताङ्क | प्रतिशत | नतिजा |
|---|---|---|---|---|---|
| १ | **नीति कानुन योजना** | १५ | १४.५ | १४.५(९७%) | **अति उत्तम** |
| २ | **संस्थागत व्यवस्था** | १५ | १२.५ | १२.५(८३.३%) | **अति उत्तम** |
| ३ | **मानवसंसाधन तथा क्षमता विकास** | १२ | १०.५ | १०.५(८७.५%) | **अति उत्तम** |
| ४ | **सेवा प्रवाह** | १४ | १०.५ | १०.५(७५%) | **उत्तम** |
| ५ | **सुशासन तथा उत्तरदायित्व** | १४ | १२ | १२(८६%) | **अति उत्तम** |
| **जम्मा** | | ७० | ६० | (कूल) ८६% | |

लैससासको नतिजाको स्वरुपलाई अध्ययन गर्दा सबै सूचककमा ६० प्रतिशत देखि ९७ प्रतिशत **उत्तम र अतिउत्तम** अंकन गरिएता पनि उपसूचकका **० प्रापत २ वटा र ०.५ प्राप्त १६ वटा प्रश्नहरुलाई** मूल सवालका रुपमा आधार मानेर आगामि दिनमा गत आ.व.मा निर्मित कार्य योजना कार्यान्वयन र यस आ.व.मा भएका योजनालाई नतिजामा आधारित सूचक निर्धारण गरि कार्य गरिएमा उर्लावारी **लैससास मैत्री नगरपालिकाका** रुपमा पहिचान हुनेछ ।

## ५.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबल पक्ष र सुधार गर्नपर्ने पक्षहरुः

| सवल पक्ष | सुधार गर्नु पर्ने पक्ष |
|---|---|
| ▪ संघीय नीति कानुनको ,समन्वय तथा सहकार्य ।<br>▪ महिला बालबालिका पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी नगरपालिकाको योजना बनेको ।<br>▪ लैससास नीति २०७८ तथा लैससास मूलप्रवाहिकरण रणनीति २०७८,लैससास कार्यविधि २०८२ निर्माण भई कार्यान्वयनमा आएको ।<br>▪ महिला हिंसा विरुद्ध बजेट व्यावस्था तथा कार्यान्वयन भएको ।<br>▪ विपद व्यवस्थापन कोष परिचालनमा नीति तथा कार्यविधि निर्माण भएको ।<br>▪ लक्षित तथा विपन्न वर्गको निशुल्क स्वास्थ्य वीमाको निरन्तरता।<br>▪ नगरपालिकाले नियमित रुपमा कार्यक्रमको सार्वजानिक परीक्षण ,सामाजिक परीक्षण, सार्वजानिक सुनुवाई मार्फत कार्यक्रमको सार्वजानिक गर्ने गरेको । | ▪ खण्डीकृत डाटाको आवश्यकता रहेको ।<br>▪ .योजना तथा कार्यक्रमको लैससासका प्रावधानका आधारमा अनुगमन मूल्याङ्कन गर्नका लागी सूचक निर्माण गर्न आवश्यक रहेको ।<br>▪ आवधिक योजना तथा नगरपालिकाको रणनीतिक योजनामा आधारित वार्षिक योजना निर्माण र कार्यान्वयन गर्न आवश्यकता रहेको ।<br>▪ महिला हक र अधिकार सम्वन्धी वेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका वारेमा निरन्तर कर्मचारी तथा पदाधिकारीलाई अभिमुखीकरण गर्न आवश्यकता रहेको ।<br>▪ पूर्वाधार विकासमा महिला लक्षित तथा अपाङ्गता भएका व्यक्ति र लैङ्गिक यौनिक अल्पसंख्यकहरुका लागि विशेष व्यवस्थाका लाःगि भौतिक पूर्वाधार निर्माण गर्न आवश्यक रहेको। |

# ६.लैससास विकास कार्ययोजनाः

| अवस्था सुधारका लागि आवश्यक क्रियककलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | थप दायित्व पर्ने/नपर्ने | | |
|---|---|---|---|---|---|---|
| **मुल शिर्षक** | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | समयावधि | पर्ने | नपर्ने |
| **१. नीति कानुन योजना** | | | | | | |
| १.लैससास तथा सामाजिक विभेद अन्त्य गर्ने निति दस्तावेजहरुमा लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाइ समेत संबोधन हुने निति कार्यक्रममा जोड दिने। २.बार्षिक कार्यक्रममा लैससास परिक्षण प्रणालि प्रतिवेदन तयार गर्ने, वार्षिक योजनामा समावेश गरिएको कार्यक्रम पुर्ण कार्यान्वयन गर्नुका साथै खण्डिकृत तथ्यांक व्यवस्थापन । | सामाजिक विकास शाखा | कार्यपालिका/नगर कार्यपालिकाको कार्यालय | कार्यपालिका/नगर कार्यपालिकाको कार्यालय | चालु आ.ब. | पर्ने | |
| **२.संस्थागत व्यवस्था /३. मानव संसाधन तथा क्षमता विकास** | | | | | | |
| लैङ्गिक हिंसा न्युनिकरणका लागि शुन्य सहनसिलता निति अवलम्बन गर्ने, | न्याययिक समिति/ सामाजिक विकास शाखा | कार्यपालिका/नगर कार्यपालिकाको कार्यालय | कार्यपालिका/नगर कार्यपालिकाको कार्यालय | चालु/आगामि आ.ब. | पर्ने | |
| **४. सेवा प्रवाह** | | | | | | |
| • स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समुहको क्षमता विकास, सिपविकासका कार्यक्रमबाट लाभान्वीत उद्यमिका रेकर्ड व्यवस्थापन गर्ने । • कर्मचारी लयायत सेवाग्राही लक्षित गरि अलग्गै स्तनपान कक्षको चालु आ.व.मा निर्माण गरी कार्यान्वयनमा ल्याउने । | योजना शाखा र सामाजिक विकास साखा | कार्यपालिका/नगर कार्यपालिकाको कार्यालय | कार्यपालिका/नगर कार्यपालिकाको कार्यालय | चालु/आगामि आ.ब. | पर्ने | |
| **५. सुशासन तथा उत्तरदायीत्व** | | | | | | |
| कार्यक्रम तथा आयोजनाको अनुगमन तथा मुल्यांकनको पृष्ठपोषण सम्बोधन गर्ने गरी योजना तथा कार्यक्रम निर्माण गर्न आवश्यक रहेको। | योजना शाखा | कार्यपालिका/नगर कार्यपालिकाको कार्यालय | कार्यपालिका/नगर कार्यपालिकाको कार्यालय | आगामि आ.ब. | पर्ने | |

## ७.सुझावः

दीगो विकासका लक्ष्य नं. ५ को लक्ष्य प्राप्तिका लागि सबै तहका सरकार र प्रदेशस्तरीय मन्त्रालयसंग समन्वय तथा साझेदारी कार्यक्रमहरु गर्ने र सो अनुसारको समावेशी योजना तर्जुमा गर्नुका साथै समीक्षा गर्दा सहजिकरणमा सहयोग प्रदान गर्ने ।

- नगरपालिकाले लैससासका क्षेत्रमा गरेको कामको अभिलेखलाई व्यवस्थित गर्न विशेष जोड दिनु उपयुक्त हुने।
- लैससास परीक्षण पश्चात वनाईएका कार्ययोजनालाई योजना तर्जूमामा अनिवार्य रुपमा समावेश गरि कार्यान्यिन गर्न उपयुक्त हुने।
- योजनाको अनुगमन गर्दा लैससासका दृष्टिकोणवाट अनुगमन हुने गरी प्रतिवेदन फारम तयार गरी प्राप्त पृष्ठ पोषणलाई कार्यान्वयनमा ल्याउने ।
- दीगो विकास लक्ष र मापन सूचकको दुरी कम गर्ने किसिमका कार्यक्रमलाई स्थानीयकरण गरी कार्यान्वयनका लागि बजेट विनियोजन गर्न पहल गर्न।
- महिलाको जीविकोपार्जन, आवाज सशक्तिकरण, विभेद न्यूनिकरण तथा कार्यवोझ कम गर्ने खालका कार्यक्रमहरु तयार गरी कार्यान्वयन गर्ने ।
- समावेशी सूचना प्रणालीलाई ध्यानमा राखी नगरपालिकामा बसोबास गर्ने कुनै पनि नागरिकले भाषा नवुझेका कारण सूचनावाट बञ्चित हुन नपरोस भन्ने कुरालाई विशेष प्राथमिकतामा राख्ने ।
- नगरपालिकामा वन्ने भौतिक संरचनाहरुमा महिला बालबालिका,यौनिक अल्पसंख्यक मैत्री वनाउने कुरा नीतिगत रुपमा निर्णय गरी कार्यान्वयन गर्ने ।
- लैससास विकास कार्ययोजना कार्यान्वयन गर्नका लागी सबै जनप्रतिनीधि लगायत कर्मचारीहरुलाई उत्प्रेरणा जागरणका लागी क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।
- आवधिक योजना तथा नगरपालिकाको रणनीतिक योजनामा आधारित वार्षिक योजना निर्माण र कार्यान्वयन गर्न आवश्यकता रहेको ।

# ८. निश्कर्ष

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री नगरपालिका निर्माणका लागी स्थानीय तहहरुको लैससास परीक्षण गरी त्यसको नतिजाका आधारमा आगामी विकास योजना बनाई कार्यान्वयन गर्नका लागी संघीय मंत्रालयले जारी गरेको दिग्दर्शन २०७८ का आधारमा उर्लावारी नगरपालिकाको लैससास परीक्षण कार्यविधि २०८२ बमोजिम परिक्षण गरिएको छ ।हाल सम्म गरेका कामहरुको आधारमा समूह अभ्यासले निक्यौंल गरेको आधारमा ८६ अंक प्रदान गरिएको छ ।गत चार वर्षको लैससास परिक्षणको प्रतिवेदनलाई अध्ययन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०८२ को तालिका नं.१ मा उपलब्ध गराईएका ७० ओटा प्रश्नहरुमा सहभागीतात्मक छलफल र प्रमाणीकरणका कागजातका आधारमा यस पटक नगरपालिकाले अति उत्तम नतिजा हासिल गरेको छ । जसमा सबै भन्दा बढी अंङ्क सर्बोउत्तम नीति कानून योजना ९७ प्रतिसत , संस्थागतमा ८३ प्रतिशत,मानव संसाधन तथा क्षमता विकासमा ८६ प्रतिसत, सेवाप्रवाहमा ७५ प्रतिसत र सुशासन तथा उत्तरदायित्वमा ८६ प्रतिसत अंक प्राप्त गरि समग्रतामा उत्तम अवश्था हासिल गरेको छ । तथापी आगामी वर्षमा नीति कानुन कार्यान्वयन लगायत वार्षिक कार्यक्रममा पुनर्मूल्याकंन गर्दै **लैससासमैत्री नगरपालिकाका** रुपमा स्थापित गर्नका लागी यस नगरपालिकाले लैससास कार्ययोजना समेत निर्माण गरेको छ जसलाई सांकेतिक नतिजाले समेत प्रभावकारितालाई मापन गर्न सकिने छ।

# अनुसूचीहरु

**अनुसूचिहरु-१ः लैससास परीक्षणका सहभागीहरुको नामावली**

**अनुसूचिहरु-२ः लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण सूचक**

**अनुसूचिहरु-३ : कार्यक्रमका फोटोहरु**

## अनुसूचीहरुः१

## लैससास परीक्षणका सहभागीहरुको नामावली

| क सं | नाम थर | पद | लिंग | जाति |
|---|---|---|---|---|
| १ | गंगा प्रसाद खरेल | नगर प्रमुख | पुरुष | ब्राम्हण/क्षत्री |
| २ | मीना कुमारी खतिवडा | उप प्रमूख | महिला | ब्राम्हण/क्षत्री |
| ३ | अभय कुमार गुप्ता | प्र प्र अ | पुरुष | ब्राम्हण/क्षत्री |
| ४ | तिलक कुमार पाण्डे | वडाध्यक्ष-१ | पुरुष | ब्राम्हण/क्षत्री |
| ५ | कुमार कँडेल | वडाध्यक्ष-२ | पुरुष | ब्राम्हण/क्षत्री |
| ६ | भीष्मराज बुढाथोकी | वडाध्यक्ष -३ | पुरुष | ब्राम्हण/क्षत्री |
| ७ | कल्याण कुमार राई | वडाध्यक्ष - ४ | पुरुष | जनजाति |
| ८ | कुल बहादुर कार्की | वडाध्यक्ष-८ | पुरुष | ब्राम्हण/क्षत्री |
| ९ | कृष्ण बर्देवा | का पा स | पुरुष | दलित |
| १० | गोविन्द कार्की | लेखा अधिकृत | पुरुष | ब्राम्हण/क्षत्री |
| ११ | विकास दाहाल | अधिकृत सातौं | पुरुष | ब्राम्हण/क्षत्री |
| १२ | सुमित खवास | क अ | पुरुष | ब्राम्हण/क्षत्री |
| १३ | कुवेर ढकाल | अधिकृत आठौं | पुरुष | ब्राम्हण/क्षत्री |
| १४ | अम्बिका प्रसाद लुईंटेल | कृषि अधिकृत | पुरुष | ब्राम्हण/क्षत्री |
| १५ | नगेन्द्र प्रसाद तिम्सिना | अधिकृत छैटौं | पुरुष | ब्राम्हण/क्षत्री |
| १६ | भीम बहादुर पौडेल | स्वास्थ्य शाखा | पुरुष | ब्राम्हण/क्षत्री |
| १७ | हेमराज वन | लेखापाल | पुरुष | ब्राम्हण/क्षत्री |
| १८ | तारा काफ्ले | म वि नि | महिला | ब्राम्हण/क्षत्री |
| १९ | सरु विश्वकर्मा | MEDPA | महिला | दलित |

| | | | | |
|---|---|---|---|---|
| २० | कल्पना बराल | सामी परियोजना | महिला | ब्राम्हण/क्षत्री |
| २१ | एलिना अधिकारी | Case worker | महिला | ब्राम्हण/क्षत्री |
| २२ | ज्योति धिमाल | सि वि आर एफ | महिला | जनजाति |
| २३ | स्मृति ढुंगाना | अ स स | महिला | ब्राम्हण/क्षत्री |
| २४ | हरि चापागाईं | पन्जिकरण शाखा | पुरुष | ब्राम्हण/क्षत्री |

# अनुसूची २
## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणः२०८२

| सि.नं. | सहायक बिषय | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | **नीति कानुन योजना** | | | | | | |
| १ | नीति र कानुनमा समावेशिता\ सहभागिता | १.१.१.स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण गरि सुनिश्चित गर्ने गरे /नगरेको । | ०-१ | १ | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे हरेक दस्तावेजमा लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने गरेको । | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे आँसिकरुपमा ( केही दस्तावेज) मात्र लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने गरेको । | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको सम्बन्धमा कुनै दस्तावेज उपर लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने नगरेको। | नीति, कानून, योजना का दस्ताबेजहरू<br>कार्यपालिकाका छलफल तथा निर्णयहरु |
| २ | | १.१.२.स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी विषयहरु समावेश भए /नभएको । | ०-१ | १ | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी विषयहरु समावेश भएको । | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी विषयहरु आँसिक रुपमामात्र समावेश भएको । | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी विषयहरु समावेश नभएको । | स्थानीय कानुन, नीति<br>आवधिक र बार्षिक योजना सम्वन्धी दस्तावेजहरू स्थानीय राजपत्र |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | | लैससासमा प्रतक्ष योगदान गर्ने कार्यक्र म समावेश भएको नीतिहरु तथा कार्यक्रम छन्। छैनन् ? | ०-१ | १ | समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीति | समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै | समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण | लैससास तथा सामाजिक विभेद अन्त्य गर्ने नीति दस्तावेज, स्थानीय ऐन, कानुन,कार्यविधि |
| ३ | | (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरे/नगरेको । | | | भएको र यस्तो नीति, स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरेको । | नीति भएको तर स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था नगरेको । | गर्ने अलग्गै नीति नभएको र स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा समेत कुनै खास व्यवस्था नगरेको। | निर्देशिकाहरू स्थानीय राजपत्र |
| ४ | | १.१.४स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला,किशोरी, बालिकाहरु तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान राखिएको/ नराखिएको । | ०-१ | १ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान राखिएको । | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्गमा लगायत हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने सिमित प्रावधान मात्र राखिएको । | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने कुनै प्रावधान नराखिएको । | स्थानीय। ऐन, नियम, कार्यविधिहरू र तिनको लैससास दृष्टिले विश्लेषण गरिएको दस्तावेज स्थानीय राजपत्र ।पुरुष सञ्जाल कार्यविधि,बालमैत्री शासन । |
| ५ | | १.१.५.संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए / नमिलाएको । | ०-१ | १ | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको र सोहि अनुरूप कार्यन्वयन हुने गरेको । | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको तर कार्यान्वयन नभएको । | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुनेहिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध नमिलाएको । | महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने विभेद उपर सुनुवाईका लागी महिला बालबालिका शाखामा माहिला तथा वञ्चितीमा परेका समुदायहरुको स्वयम भनाइहरुको दस्तावेज |
| ६ | | आवधिक योजना र वार्षिक विकास कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि (लैङ्गिक उत्तरदायी बजेट)नीति, रणनीति | ०-१ | ०.५ | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको | वार्षिक विकास कार्यकम लैङ्गिक तथा समावेशी विकास नीति, रणनीति |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | , कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरे/नगरेको । | | | सोको मापनयोग्य लक्ष्य समावेश गरेको । | रहेको तर सोको मापनयोग्य लक्ष्य समावेश नगरिएको । | लागि नीति, रणनीति, कार्यक्रम नरहेको । | कार्यक्रम लक्ष्य तथा उपलब्धी सम्बन्धीत आवधिक प्रतिवेदन |
| ७ | योजना तर्जुमा तथा कार्यान्वयन | १.२.२ नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल एकमूष्ठ बजेटको निश्चित प्रतिशत छुट्याउने गरे / नगरेको । | ०-१ | १ | नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो प्रत्यक्ष्य फाइदा पुग्ने गरी बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको । | नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा केहि लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य फाइदा पुग्ने गरी बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको । | नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा कुनै पनि लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य फाइदा पुग्ने गरी बजेटको निश्चित प्रतिशत छुट्याउने नगरेको । | वार्षिक बजेट तथा विकास कार्यक्रम<br>महिला तथा लक्षित समूहको अवस्था विश्लेषण प्रतिवेदन /प्रोफाईल, |
| ८ | | १.२.३.स्थानीय तहको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता हुने गरे, नगरेको र लक्षित समुहले छनौट गरेका योजना प्राथमिकता मा पर्ने गरे / नगरेको । | ०-१ | १ | स्थानीय तहको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता हुने गरे, नगरेको र लक्षित समुहले छनौट गरेका योजना प्राथमिकता मा पर्ने गरेको | स्थानीय तहले ,वस्तीस्तरबाट योजना पहिचान तथा छनौट गर्दा केही मात्र लक्षित समूहको सक्रीय सहभागिता हुने गरेको र लक्षित समुहले छनौट गरेका केही योजनामात्र प्राथमिकतामा पर्ने गरेको । | स्थानीय तहको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता हुने नगरेको र लक्षित समुहले छनौट गरेका योजना प्राथमिकता मा पर्ने नगरेको । | सहभागी सूची फोटो र<br>वडास्तरबाट छनौट योजना तथा कार्क्रमको सूची निर्णय पुस्तिका स्वीकृत वार्षिक कार्यक्रम |
| ९ | | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको अवस्था विश्लेषणको आधारमा आवश्यकता | ०-१ | १ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको अवस्था विश्लेषणको आधारमा | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको अवस्था विश्लेषणको आधारमा | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको अवस्था | महिला र पुरुष एवं लक्षित समुहको अवस्था देखिने अवस्था विश्लेषण प्रतिवेदन |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए /नगरिएको । | | | आवश्यकता पहिचान गरी सो अनुसार कार्यक्रम तय गर्ने गरिएको । | आवश्यकता पहिचान गरी सो अनुसार केही कार्यक्रम तय हुने गरेको। | विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने नगरिएको। | आवश्यकत पहिचान प्रतिवेदन,वार्षिक विकास कार्यक्रम |
| १० | | १.२.५.स्थानीय तहले दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे / नगरेको । | ०-१ | १ | स्थानीय तहले दीगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन गर्ने गरेको । | स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसार केही कार्यक्रमहरूमा बजेट विनियोजन गर्ने गरेको | स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण नगर्नुको साथै बजेट विनियोजन पनि गर्ने नगरेको। | दीगो विकासका लक्ष्यहरू स्थानीयकरण गरेको दस्तावेज (नीति, योजना तथा वार्षिक विकास कार्यक्रम ) |
| ११ | | १.२.६.स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्नेगरी बने / नबनेको । | ०-१ | १ | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष / निर्दिष्ट लाभ पुग्नेगरी बनेको । | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई अप्रत्यक्ष / सहयोगी हुने गरी बनेको । | स्थानीय तहका योजनाले महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई लाभ पुग्नेगरी नबनेको । | नीति, योजना तथा वार्षिक विकास कार्यक्रम |
| १२ | | स्थानीय तहका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भए। | ०-१ | १ | स्थानीय तहका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भएको | स्थानीय तहका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता | स्थानीय तहका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता | उपभोक्ता समितिको गठन सम्वन्धी नीति तथा कानून उपभोक्ता समितिको संरचना |
| | | नभएको र मुख्य कार्यकारी पदको जिम्मेवारी दिए / नदिएको । | | | र मुख्य कार्यकारी पदको जिम्मेवारी दिएको । | भएको तर ग मुख्य कार्यकारी पदको जिम्मेवारी नदिईएको | नभएको र मुख्य कार्यकारी पदको जिम्मेवारी पनि नदिईएको । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | | स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिए / नगरिएको र सोको कार्यान्वयन भए/ नभएको । | ०-१ | १ | स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिएको र सोको कार्यान्वयन भएको । | स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिएको तर सोको कार्यान्वयन नभएको। | स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था नगरिएको र सोको कार्यान्वयन नभएको । | वार्षिक विकास कार्यक्रम र लैससास परीक्षण प्रतिवेदन प्रगति प्रतिवेदन |
| १४ | बजेट तर्जुमा तथा कार्यान्वयन | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरिए /नगरिएको र सो को कार्यान्वयन भए/नभएको । | ०-१ | १ | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरेको र सो को पूर्णरुपमा कार्यान्वयन हुने गरेको । | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश भएपनि र सो को आशिंकरुपमा कार्यान्वयन भएको । | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट ब्यवस्था हुने नगरेको । | वार्षिक विकास कार्यक्रम लैससास परीक्षण प्रतिवेदन प्रगति प्रतिवेदन |
| १५ | | स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरूप कार्यक्रम संचालन गर्ने गरिए /नगरिएको । | ०-१ | १ | स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरूप कार्यक्रम संचालन गर्ने गरिएको । | स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरूप कार्यक्रम आंशिकरुपमा संचालन गर्न गरिएको । | स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गर्ने नगरिएको । | वार्षिक विकास कार्यक्रम लैससास परीक्षण प्रतिवेदन प्रगति प्रतिवेदन |
| **संस्थागत विकास** | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १६ | | स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिए/नलिएको | ०-१ | १ | स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिएको र सो वमोजिम कार्यान्वयन भएको । | स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिएको र सो वमोजिम कार्यान्वयन नभएको | स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति नलिएको । | स्थानीय सरकारका कर्मचारीहरूको पदपूर्तिको सम्वन्धी नीति, कानून र पदपूर्ति सम्वन्धी निर्णय - अभ्यास सम्वन्धी दस्तावेज |
| १७ | कार्यप्रणाली समावेशी | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा बन्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति लिए नलिएको तथा उक्त नीति कार्यान्वयन गरिए/नगरिएको | ०-१ | ०.५ | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दा प्रदान गर्दा महिला तथा बन्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति लिए तथा उक्त नीति कार्यान्वयन गरिएको। | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दा प्रदान गर्दा महिला तथा बन्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति लिएको तर उक्त नीति कार्यान्वयन नगरिएको। | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दा प्रदान गर्दा महिला तथा बन्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति नलिएको । | सकारात्मक विभेदको नीति तथा रणनीति दस्तावेज क्षमता विकास सम्वन्धी कार्यक्रमको कार्य सम्पन्न प्रतिवेदन सहभागि छनौटका आधारहरु |
| १८ | | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति रहे/नरहेको । | ०-१ | १ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति रहेको । | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि कार्यनीति भएपनि कार्यान्वयनमा नरहेको | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको। | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको कार्यनीति सम्वन्धी दस्तावेज वार्षिक विकास कार्यक्रम प्रगति प्रतिवेदन |
| १९ | | लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान | ०-१ | १ | लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको व्यवस्था कार्यशर्त र जिम्मेवारी | लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति को व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित | लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था | संगठन संरचना र लैङ्गिक विकास हेर्ने इकाईको कार्य निर्देश शर्त, जिम्मेवारी किटान दस्तावेज तथा यस सम्वन्धी निर्णयहरु |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सहित गरे /नगरेको । | | | किटान सहित रहेको । | रहेको) तर कार्यान्वयनमा नरहेको । | नगरिएको । | |
